# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडावाज, दैलेख

कर्णाली प्रदेश, नेपाल

आ.व.२०७९/०८०
च.नं. २६

मितिः २०७९-०४-११

श्री १ देखि ६ सम्मका वडाकार्यालयहरु सबै ।
श्री गाउँपालिका अन्तर्गतका विषयगत शाखाहरु सबै ।
श्री सामुदायिक स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाइहरु सबै ।
महाबु गाउँपालिका, दैलेख ।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको च.नं. १०५ मिति २०७९-०४-०९ गतेको प्राप्त पत्रअनुसार विश्वव्यापी रुपमा महामारी फैलिएको कोभिड-१९ संक्रमणको जोखिम वर्तमान अवस्थामा कायम नै रहेकाले कोभिड-१९ बाट हुनसक्ने जोखिम, संक्रमणको पूर्वानुमान तथा यसको नियन्त्रण सम्बन्धमा विस्तृत रुपमा संकट व्यवस्थापन केन्द्र, (DCMC) दैलेखको मिति २०७९।०४।०९ गतेको निर्णयको प्रमाणित प्रतिलिपि यसैसाथ संलग्न राखि पठाईएको छ । यसै अनुसार निर्णय कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ ।

२०७९।०४।११

रमेश कुमार दशौदि
नि. प्रमुख प्रशासकीय अधिकृत

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको वर्तमान अवस्था, यस जिल्लामा हुनसक्ने जोखिम, संक्रमणको पूर्वानुमान तथा यसको नियन्त्रण सम्बन्धमा विस्तृत रुपमा छलफल गरियो। कोभिड-१९ को सम्बन्धमा सतर्कता, निगरानी, परीक्षण, खोप र प्रतिकार्यको लागि आवश्यक पूर्वतयारीका विषयमा देहाय अनुसार ग र्ने निर्णय गरियो।

१. <u>जनस्वास्थ्यका मापण्डहरुको पालना सम्बन्धमा</u>

- जिल्लास्थित सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुले सेवाग्राही र सेवाप्रदायको स्वास्थ्य सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै मास्कको प्रयोगलाई अनिवार्य गर्ने र परिसर भित्रको प्रवेश द्वारमा अनिवार्य रुपमा स्यानिटाइजरको व्यवस्था मिलाउने।
- गोष्ठी, सेमिनार, वैठक जस्ता भिडभाड हुने कार्यक्रमहरूमा मास्कको प्रयोग र स्यानिटाइजरलाई अनिवार्य गर्ने।
- सार्वजनिक यातायातहरुमा मास्कको प्रयोग र स्यानिटाइजरलाई अनिवार्य गर्ने।
- विद्यालय, शैक्षिक संस्थाहरू, धार्मिक स्थल, भीडभाड हुने प्रकृतिका व्यवसायिक तथा मनोरञ्जनात्मक सार्वजनिक स्थलहरुमा मास्क लगाउन प्रेरित गर्ने।

२. <u>खोप कार्यक्रमको प्रभावकारिता सम्बन्धमा</u>

- खोप नलगाएका व्यक्तिहरुको स्थानीय तहहरूसँगको समन्वयमा तथ्याङ्क अद्यावधिक समेत गरी पहिचान गर्ने।
- कोभिड विरुद्ध खोपको पूर्ण तथा अतिरिक्त मात्रा लगाउन छुट भएका व्यक्तिहरुका लागि समुदायस्तरसम्म खोप अभियान सञ्चालन गर्ने गराउने।

३. <u>कोभिड-१९ को विविध प्रतिकार्यात्मक कार्यहरु सम्बन्धमा</u>

- जिल्लाको सीमानाकाहरुमा स्वास्थ्य सेवा कार्यालय, सुरक्षा निकायहरु र सम्बन्धित स्थानीय तहहरुसँगको समन्वयमा कोभिड-१९ को लक्षण भएका व्यक्तिहरुको पहिचान (Screening) गर्ने कार्य सञ्चालन गरी प्रभावकारी वनाउने।
- भीडभाडजन्य सार्वजनिक स्थलहरुमा कोभिड-१९ नमूना परीक्षण अभियान सञ्चालन गरी समुदायस्तरसम्म संक्रमणको अवस्था पहिचान गरी सोको प्रतिकार्यका लागि पूर्वतयारी अवस्थामा रहने। साथै जिल्लास्थित सबै स्थानीय तहहरुले आ-आफ्नो पालिकाको समुदायस्तरसम्म कोभिड-१९ को नमूना संकलन, परीक्षण र खोप अभियानलाई प्रभावकारिताका साथ विस्तार गर्ने।
- कोभिड-१९ को संक्रमणवारे सचेत र सुसुचित रहन सर्वसाधारणहरूलाई अवगत हुनेगरी स्थानीय प्रशासन, स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहहरूले सन्देश, सूचना तथा विज्ञप्ती जारी गर्ने।

गणेश प्रसाद कोइराला
प्रशासकीय अधिकृत

- कोभिड-१९ संक्रमितहरुको उपचार प्रयोजनका लागि जिल्लास्थित स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहहरूको यस अघिको संक्रमणको अवधिमा प्रतिकार्य भए अनुरुप अस्थायी कोभिड अस्पताल, आइसोलेशन, ICU, HDU लगायतका पूर्वाधारहरुलाई आवश्यक जनशक्ति सहित पूर्वतयारी अवस्थामा राख्ने।
- यस जिल्लामा बर्षे मेलाका रुपमा परम्परा देखि मनाइदै आइरहेका मेला, जात्रा लगायत सामाजिक सांस्कृतिक कार्यक्रमहरूलाई सोको व्यवस्थापनकले सम्पूर्ण जिम्मेवारी बहन गर्नेगरी स्वास्थ्य सम्बन्धी मापदण्डहरू अपनाउँदै व्यवस्थित तवरले मनाउने व्यवस्था गर्ने।